कार्यपालिका बैठक

मिति २०८२/०१/२५ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यू अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्णबहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | मायादेवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | बा.सु.गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | बा.सु.गा.पा.का. | |
| १९ | श्री गंगा बहादुर घले | स.ले.अ. | बा.सु.गा.पा.का. | |
| २० | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | बा.सु.गा.पा.का. | |
| २१. | तेजमाया गुरुङ | स.क.अ | बा.सु.गा.पा.का. | |

*मिति २०८२/०१/२५ गाउँ कार्यपालिका बैठक निर्णय*
*आ.व २०८१/०८२ बैठक संख्या १३*

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. पोषणमैत्री गाउँपालिका कार्यक्रम सम्बन्धमा।
३. मुख्यमन्त्री नव प्रवर्धन साझेदारी कार्यक्रम सम्बन्धमा।
४. सडक हेरालु सम्बन्धमा।
५. चालु आ.व.२०८१/०८२ को योजना कार्यान्वयन एवं भुक्तानी सम्बन्धमा।
६. आ.व. २०८२/०८३ को योजना छनौट तालिका सम्बन्धमा।
७. "**रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि**" सम्बन्धमा।
८. "**स्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०८१**" सम्बन्धमा।
९. "**बाँझो जमिन उपयोग सम्बन्धी कार्यविधी २०८२**" सम्बन्धमा।
१०. "**होमस्टे सञ्चालन कार्यविधी २०८२**" सम्बन्धमा।
११. "**फोहोरमैला व्यवस्थापन कार्यविधि २०८२**" सम्बन्धमा।
१२. प्रदेश सरकारमा माग गर्ने योजना सम्बन्धमा।
१३. विविध।

## निर्णयहरुः

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजनाहरुको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो र उपाध्यक्ष मार्फत हालसम्मको योजनाको निरीक्षण र प्रगतिको बारेमा समेत कार्यपालिकालाई जानकारी गराइयो।

**निर्णय नं. २)** आ.व २०८१/०८२ को (ब.उ.शि.नं.३६५००१०६) विशेष अनुदान अन्तर्गतको **पोषण मैत्री गाउँपालिका कार्यक्रम**को हालसम्मको प्रगति र कार्यतालिकाको विषयमा समीक्षा गरियो|

**निर्णय नं. ३)** आ.व २०८१/०८२ को मुख्य मन्त्री नव-प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गतको **ओखर खेती प्रवर्धन कार्यक्रम**को हालसम्मको प्रगति बारेमा समीक्षा गरियो|

**निर्णय नं. ४)** यस गाउँपालिका अन्तर्गतका सडकको सामान्य मर्मत सम्भार, रेखदेख र संरक्षणका लागि तपशिल बमोजिमको जनशक्ति (सडक हेरालु) व्यवस्थापन गर्ने निर्णय गरियो।

**तपशिलः**

वडा न. १ – १ जना

वडा न. २ – २ जना

वडा न. ३ – ४ जना

वडा न. ४ – ५ जना

वडा न. ५ – ३ जना

वडा न. ६ – ४ जना

वडा न. ७ – २ जना

वडा न. ८ – ३ जना

**निर्णय नं. ५)** चालु आ.व.२०८१/०८२का स्वीकृत निति तथा योजना कार्यान्वयनमा ढिला हुन गएको र यसले भुक्तानीमा समेत जटिलता हुने भएकाले यथासिग्र योजना कार्यन्वयन एवं भुक्तानीका लागि सबैले आ-आफ्नो ठाउँमा भूमिका निर्वाह गर्ने निर्णय गरियो।

**निर्णय नं. ६)** बारपाक सुलिकोट गाउँपालिकाको लागि आ.व. २०८२/०८३को योजना छनौट तथा बजेट तथा कार्यक्रम तयार गर्नको निम्ति तपशिल बमोजिमको तालिका अनुसार कार्यान्वायन गर्ने निर्णय गरियो।

***तपशिलः***

| क्रस | मिति | गरिने क्रियाकलापहरु |
|---|---|---|
| १ | २०८२/०१/२६ देखि २०८१/०२/०७ सम्म | विषयगत समितिको वैठक तथा छलफल |
| २ | २०८२/०१/२६ देखि २०८२/०२/१० सम्म | टोल/वस्ती स्तरीय भेटघाट, छलफल तथा योजनाको प्रस्ताव संकलन कार्यक्रम |
| ३ | २०८१/०२/१४ गते | गाउँ कार्यपालिकाको बैठक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस बमोजिम बजेट सिलिङ निर्धारण |
| ४ | २०८२/०२/१५ देखि २०८२/०२/२५ सम्म | बिषयगत समितिहरुको बैठक तथा छलफल |

| | | |
|---|---|---|
| ५ | २०८२/०२/३१ सम्म | सबै वडा समिति बैठक/ आगामी आ.व. २०८२/०८३ का लागि वडास्तरीय योजना छनौट |
| ६ | २०८२/०३/०८ सम्म | गाउँ सभाको तयारी |
| ७ | २०८२/०३/०९ गते | कार्यपालिका बैठक |
| ८ | २०८२/०३/१० गते | गाउँ सभाको अधिवेशन |

**निर्णय नं. ७) "रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि"** स्वीकृत गरी कार्यान्वायन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८) "स्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०८१"** स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९) बाँजो जमिन उपयोग सम्बन्धी कार्यविधी २०८२**" माथि विस्तृत रुपमा अध्ययन गरि राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०)** "**होमस्टे सञ्चालन कार्यविधी २०८२**" माथि विस्तृत रुपमा अध्ययन गरि राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११) "फोहोरमैला व्यवस्थापन कार्यविधि २०८२**" माथि विस्तृत रुपमा अध्ययन गरि राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२)** यस बारपाक सुलिकोट गाउँपालिकाको आफ्नो श्रोत साधनले मात्र यस पालिकामा भित्रका सबै समस्या समाधान गर्न नसकिने हुँदा गण्डकी प्रदेश सरकारसँग आगामी आ.व. २०८२/०८३को लागि तपशिल बमोजिमको योजना तथा बजेट माग गर्ने निर्णय गरियो।

***तपशिलः***

**सडक तर्फ**

१) निमेल – उल्टे – मसार – डाँडागाउँ – मोहोरिया – आहालडाँडा – पाल्खु सडक वडा न.६
२) देउराली – धारापानी – ढोडेनी – वाहुनवेशी – लाँकुरे – सल्लेरी सडक वडा नं ७
३) डाँडागाउँ – आँपस्वाँरा – तामालाबोट सडक वडा नं ५
४) जलमुखी – अर्चले – सौरपानी – हुँडीफाँट सडक वडा नं ४
५) खार्चोक – बाह्मुले चिसापानी सडक वडा नं ३
६) पहरे – तिनखण्डे सडक वडा नं ८
७) वर्दीडाँडा – भण्डारीगाउँ – रन्चोक पोखरी सडक वडा नं ४
८) वारपाक – पौवाखोला –ओम्रङ सडक वडा न. १
९) राङरुङ् पोखरी सडक वडा नं २
१०) रुतुका, अलगाउँ – तुम्सिका सडक वडा नं २
११) सिता गुफा – स्वाँरा गाउँ – खार्चोक भञ्ज्याङ सडक वडा नं ३

**प्रदेशमार्फत सञ्चालित अधुरा खानेपानी योजना हरुः**

१) मान्द्रे तुम्सिका खानेपानी वडा नं २
२) स्वाँरा गाउँ लामाखर्क खानेपानी वडा नं ३
३) सौरपानी चुनेडाँडा खानेपानी वडा नं ४
४) घुन्चोकटार – भुवाने – टारी गाउँ गौथली खानेपानी वडा नं ४
५) वजारखोप खानेपानी वडा नं ६
६) धारापानी खानेपानी वडा नं ६
७) भालुस्वाँरा खानेपानी वडा नं
८) काफ्लेखोला खानेपानी वडा नं ७
९) गैरीछाप खानेपानी वडा नं ८
१०) जराङ्डाँडा खानेपानी वडा नं ८
११) वर्नेखर्क खानेपानी वडा नं ३
१२) वालुवा खोला खानेपानी वडा नं ७

**सिंचाई तर्फ**

१) चुनेडाँडा ठूलोखेत सिँचाई वडा नं ४
२) जलकिनी खेत सिँचाई वडा नं ४
३) वेशी जराङ् सिँचाई वडा नं ८
४) स्तुल खोला सिँचाई वडा नं ३
५) उल्टे टार सिँचाई वडा नं ६
६) दोवानवेश – लामबगर सिँचाई वडा नं ५
७) ठूलोफाँट सिँचाई वडा नं ५
८) स्याप्रङ – सिप्राङ सिँचाई वडा नं १,२

**झोलुङ्गे पुल तर्फ**

१) तीनखण्डे हर्रोवोटे झोलुङ्गे पुल वडा नं ८
२) टारगाम झोलुङ्गे पुल वडा नं ५
३) काफ्लेखोला झोलुङ्गे पुल वडा नं ७
४) दाउन्ने खोला झोलुङ्गे पुल वडा नं ७
५) वजेनी गाउँ झोलुङ्गे पुल वडा नं ४

६) चित्रेगाउँ झोलुङ्गे पुल वडा नं ३
७) छेर्मु खोला झोलुङ्गे पुल वडा नं २
८) छेरा खोला झोलुङ्गे पुल वडा नं १

**वन / वातावरण (पर्यटन)**

१) वजेनी ताल संरक्षण वडा नं ३
२) घुन्चोक पोखरी संरक्षण वडा नं ४
३) रकगार्डेन निर्माण वडा नं १
४) बाह्रमुले मन्दिर पुननिर्माण वडा नं ३
५) बारपाक होमस्टे तालिम तथा क्षमतावृद्धि

**खेलकुद तर्फ**

१) गाउँपालिका स्तरिय रंगशाला निर्माण वडा नं.६
२) बारपाक खेलमैदान निर्माण वडा नं १
३) देउराली धारापानी खेलमैदान निर्माण वडा नं.७
४) रन्चोक गाउँ खेलमैदान वडा नं ४
५) ठोट्नेरी खेलमैदान वडा नं ३
६) पहरे खेलमैदान वडा नं ८

**भवन तर्फ**

१) तमु सामुदायिक भवन वडा नं १
२) रिट्ठाबोट सामुदायिक भवन वडा नं ४
३) शहीद स्मृति सामुदायिक भवन वडा नं ६
४) बहुउद्देशीय भवन वडा नं ७
५) जेष्ठ नागरीक मिलन केन्द्र वडा नं २

**मोटरेवल पुल**

१) जलविरे मोटरेवल पुल वडा नं ५
२) हुँडीखोला – बारपाक बहुप्राविधिक शिक्षालय मोटरेवल पुल वडा नं ३ कृषि / पशु तर्फ ( गा.पा. साझेदारी)
१) वारपाक ताजा तरकारी उत्पादन (तरकारी पकेट) कार्यक्रम सञ्चालन
२) सौरपानी मौरी पकेट तथा अण्डा उत्पादन कार्यक्रम सञ्चालन
३) स्वाँरा सुन्तला पकेट कार्यक्रम सञ्चालन
४) दोवानबेशी लामगरा माछा पकेट कार्यक्रम

**सामाजिक विकास तर्फ**

१) जेष्ठनागरिक दिवाआश्रम सञ्चालन कार्यक्रम बा.सु.गा.पा. ५
२) वर्थीङ सेन्टर सञ्चालन तथा पूर्वाधार निर्माण बा.सु. ४

**निर्णय नं. १३) विविध |**

क) मिति २०७९/०९/२५ को गाउँ कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषदको निर्णय बमोजिम यस पालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा छुट भएका कित्ता जग्गाहरु मध्ये सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

***तपशिलः***

| क्र. सं. | जग्गाधनीको नामथर | साविक ठेगाना | | कित्ता नं. | क्षेत्रफल | छुट जग्गाको वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स. | वडा नं. | | | | |
| १ | सिताराम तामाङ | स्वाँरा | ९ | ८० | ४-१४-२-२ | कृषि क्षेत्र | |
| २ | सेर बहादुर तामाङ | स्वाँरा | ७ | ५५५<br>५५८ | ०-१२-०-२<br>०-१३-२-१ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ३ | धन सिं बराम भन्ने धन सिं थापा (संयुक्त) | ता.मा.ला बोट | ९ | ५७५<br>५९९<br>६२३ | | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ४ | चमेली बराम | पन्द्रुङ | ३ | १४३३ | ०-३-०-० | आवसीय क्षेत्र | साविक कित्ताबाट |
| ५ | प्रेम कुमारी बराम | पन्द्रुङ | ३ | ७८२<br>७८३ | ०-६-०-२<br>१-०-०-३ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ६ | ज्ञानेन्द्र राज अंगाई, सन्देश राज अंगाई, विरोचन अंगाई र अरुर अंगाई | पन्द्रुङ | ४ | ८९७<br>८९८ | ०-१४-१-१<br>५-१२-०-२ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ७ | कृष्ण बहादुर खवास | सौरपानी | ३ | १०२० | १६-६-३-२ | कृषि क्षेत्र | |
| ८ | सुक माया कामी | पन्द्रुङ | २ | १४२<br>१४३ | ४-१०-३-२<br>१-३-१-१ | कृषि क्षेत्र | |
| ९ | टोप बहादुर गुरुङ | पन्द्रुङ | २ | १३४ | ३-०-३-३ | कृषि क्षेत्र | |

ख) मिति २०७९/०९/२५ को गाउँ कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषदको निर्णय बमोजिम यस पालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार गर्ने क्रममा वर्गीकरण हुनु पर्ने क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गीकरण हुन गएको हुँदा **भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१ को नियम ४१ को निवेदन तथा भूउपयोग नियमावली २०७९ को नियम १२ को उपनियम ४(घ)** अनुरुप सम्बन्धित  वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा धनीहरुको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरणमा भएको त्रुटि संशोधन गर्ने निर्णय गरियो।

***तपशिलः***

| क्र. सं. | जग्गाधनीको नामथर | हालको ठेगाना | साविक ठेगाना | | कित्ता नं. | भू-उपयोग क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | | गा.वि.स. | वडा नं. | | भएको | हुनु पर्ने |
| १ | राज बहादुर गुरुङ | बा.सु.गा.पा. २ | बारपाक | २ | ४२१ | नदिनाला, खोला, ताल तथा सिमसार क्षेत्र | कृषि क्षेत्र |

ग) घ्याम्पेशाल - पाल्खु सडक स्तरोन्नति(कालोपत्रे)को कार्य सम्पन्न भईसकेको हुनाले, घ्याम्पेशाल - पाल्खु सडक खण्डको यातायात भाडा दर रेट समायोजनको लागि  **गोरखा दरौंदी यातायात सेवा कम्पनी प्रा.लि. गोरखा**लाई पत्राचार गर्ने निर्णय गरियो।

घ) बारपाक सुलिकोट गाउँपालिका वडा नं. ८ स्थित पन्द्रुङ कृषि सहकारी संस्थालाई रासायनिक मलको डिलरसिपको लागि अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

ङ) गाउँपालिकाको वडा नं. ४ साविक सौरपानी गा.वि.स. वडा नं. १ भुवाने स्थित भुवाने खोलाखेत कृषि सडक खन्ने क्रममा मिलाप कृषि उद्योग सहकारी संस्थाको भवन र बस्तीका अन्य घरहरु समेत जोखिममा परेकोले संरक्षणको लागि सिफारिश गरिदिन मिलाप कृषि उद्योग सहकारी संस्थाले ४ नं. वडा कार्यालयको च.नं. १०३५ मिति २०८१।१२।२२ को सिफारिश र प्रहरी मुचुल्कासहित निवेदन गरेकोले यसको संरक्षण र जोखिम न्यूनीकरणको लागि जिल्ला विपद ब्यवस्थापन समितिमा सिफारिश गरी पठाउने निर्णय गरियो।

च) पूर्व मनसुन शुरु भैसकेको र मनसुनको समयमा आउने बाढी पहिरोको कारण हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्नको लागि आवश्यक पूर्व तयारी गर्ने निर्णय गरियो ।

छ) मिति २०८१/१२/१० को शिक्षा समितिको बैठकले श्री जलकन्या देवी मा.वि.मा दरबन्दी रहेको बाल विकास सहजकर्तामा कार्यरत श्री विष्णु भट्टलाई श्री धर्मावती आ.वि.मा सरुवा गरिएकोमा विद्यालयमा उक्त तहमा विद्यार्थी संख्या नरहेको भनी विद्यालयबाट पत्र प्राप्त भएको र वडा न.६ मा नै अवस्थित रहेको श्री अन्तरज्योती मा.वि. ECD कक्षामा विद्यार्थी संख्या धेरै रहेको भनी वि.व्य.सको निर्णय सहित यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा बाल सहजकर्ता श्री विष्णु भट्टलाई श्री अन्तरज्योती मा.वि. मा सरुवा गर्ने निर्णय गरियो । साथै श्री ब्रह्मचारीणी आ.वि.मा कार्यरत शिक्षक श्री आशा श्रेष्ठलाई थलीवारी आ.वि.मा सरुवा गरेकोमा निजलाई फिर्ता ल्याउनुपर्ने भनी विद्यालयको पत्र र दुवै विद्यालयको सहमति सहित को निवेदन यस कार्यालयको शिक्षा शाखामा पेश गरिएको हुँदा शिक्षक श्री आशा श्रेष्ठलाई ब्रह्मचारीणी विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

ज) यस गाउँपालिकामा सञ्चालित कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धी तयार गरिएको व्यवस्थापन परीक्षण प्रतिवेदनमाथि छलफल गरी सो प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो। साथै प्रतिवेदनमा उल्लेखित सुझाव तथा सिफारिसहरू सम्बन्धित शाखाबाट कार्यान्वयन गर्ने र सोको प्रगति अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय समेत गरियो ।

झ) यस बारपाक सुलिकोट गाउँपालिका उच्च पहाडी क्षेत्रमा अवस्थित भई भौगोलिक बनावट, भू–उपयोगको प्रकृति तथा बस्ती संरचनाको अवस्थालाई दृष्टिगत गर्दा हालको अवस्थामा जग्गा प्लटिङ् वा खण्डीकरण गर्ने सम्भावना तथा आवश्यकता नरहेकोले यस सम्बन्धमा गाउँ कार्यपालिकाबाट आवश्यक छलफल पश्चात् हाललाई जग्गा प्लटिङ् वा खण्डीकरण सम्बन्धी मापदण्ड तयार नगर्ने/लागू नगर्ने निर्णय गरियो ।